# तेह्रौ बैठक

आज मिति २०८३।०३।०८ गते सोमबारका दिन सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठज्यूको अध्यक्षातामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

**तपसिल**

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कृष्ण प्रसाद श्रेष्ठ | **नगर प्रमुख** | **सन्धिखर्क नगरपालिका** | |
| २. | श्री मिश्रा आचार्य | **नगर उपप्रमुख** | **सन्धिखर्क नगरपालिका** | |
| ३. | श्री माधव श्रेष्ठ | **वडा अध्यक्ष** | **स. न. पा. १** | |
| ४. | श्री मोतिजङ्ग रायमाझी | **वडा अध्यक्ष** | **स. न. पा. २** | |
| ५. | श्री जम्शेर मियाँ | **वडा अध्यक्ष** | **स. न. पा. ३** | |
| ६. | श्री कृष्ण प्रसाद श्रेष्ठ | **वडा अध्यक्ष** | **स. न. पा. ४** | |
| ७. | श्री ऋषव अधिकारी | **वडा अध्यक्ष** | **स. न. पा. ५** | |
| ८. | श्री श्रीधर महत्रा क्षेत्री | **वडा अध्यक्ष** | **स. न. पा. ६** | |
| ९. | चुरा बहादुर के.सी . | **वडा अध्यक्ष** | **स. न. पा. ७** | |
| १०. | श्री हुम प्रसाद बन्जाडे | **वडा अध्यक्ष** | **स. न. पा. ८** | |
| ११. | श्री पदम बहादुर भुसाल | **वडा अध्यक्ष** | **स. न. पा. ९** | |
| १२. | श्री मोहन सिंह ठकुरी | **वडा अध्यक्ष** | **स. न. पा. १०** | |
| १३. | श्री चेतनारायण आचार्य | **वडा अध्यक्ष** | **स. न. पा. ११** | |
| १४. | श्री नारायण खड्का | **वडा अध्यक्ष** | **स. न. पा. १२** | |
| १५. | श्री सीता बस्नेत | **नगर कार्यपालिका सदस्य** | **सन्धिखर्क नगरपालिका** | |
| १६. | श्री लिला भुसाल | **नगर कार्यपालिका सदस्य** | **सन्धिखर्क नगरपालिका** | |
| १७. | श्री कृष्ण भुसाल क्षेत्री | **नगर कार्यपालिका सदस्य** | **सन्धिखर्क नगरपालिका** | |
| १८. | श्री शारदा परियार | **नगर कार्यपालिका सदस्य** | **सन्धिखर्क नगरपालिका** | |
| १९. | श्री मान बहादुर सुनार | **नगर कार्यपालिका सदस्य** | **सन्धिखर्क नगरपालिका** | |
| २०. | श्री सुरज वि.क . | **नगर कार्यपालिका सदस्य** | **सन्धिखर्क नगरपालिका** | |
| २१. | श्री वसन्त नेपाली | **नगर कार्यपालिका सदस्य** | **सन्धिखर्क नगरपालिका** | |
| २२. | श्री प्रमोद खनाल | **सचिव / प्रमुख प्रशासकीय अधिकृत** | **सन्धिखर्क नगरपालिका** | |

**मिति २०८३/०३/०८ गतेको कार्यपालिका बैंठकका निर्णयहरुः-**

१. आर्थिक वर्ष २०८३।०८४ को सन्धिखर्क नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम स्वीकृतिको लागि नगरसभामा पेश गर्ने ।
२. आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि नगरसभामा पेश गर्ने ।
३. सन्धिखर्क नगरपालिकाको आर्थिक विधेयक २०८३ स्वीकृतिको लागि नगरसभामा पेश गर्ने ।
४. सन्धिखर्क नगरपालिकाको विनियोजन विधेयक २०८३ स्वीकृतिको लागि नगरसभामा पेश गर्ने ।
५. सन्धिखर्क नगरपालिका वडा न ८ निवासी ज्ञेन बहादुर खत्रीबाट श्री नवज्योति आधारभूत विद्यालयका नाममा दान गरीएको निशुल्क प्राप्त जग्गा पास गरिदिन र रजिष्ट्रेशन शुल्क छुट गरिदिनको लागि भूमि प्रशासन कार्यालय अर्घाखाँचीलाई अनुरोध गर्ने ।
६. आर्थिक वर्ष २०८३।०८४ को लागि सन्धिखर्क नगरपालिकाको घरजग्गाको न्यूनतम मूल्य साविक बमोजिम निर्धारण गर्ने ।
७. विद्यालय समायोजन सम्बन्धी मापदण्ड तयार गरी नगरभित्र विद्यालय समायोजन प्रक्रिया अगाडी बढाउने ।
८. विषयगत समितिहरुबाट प्राप्त प्रगति प्रतिवेदन तथा आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति कार्यक्रम तथा बजेट सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने।
९. स्थानीय तह तर्फका कर्मचारीहरुको आर्थिक वर्ष २०८२।०८३ को तलबी प्रतिवेदन पारित गर्ने ।
१०. महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आर्थिक वर्ष २०८२।०८३ को नियमित गर्नुपर्ने बेरुजू रु २५०२६०१।८१ (अक्षरेपी पच्चीस लाख दुईहजार छ सय एक पैसा एकासी मात्र) नियमित गर्न नगरसभामा पेश गर्ने ।
११. सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ देखि २०८५।०८६ को मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने ।
१२. सन्धिखर्क नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न स्वीकृति प्रदान गर्ने ।
१३. कार्यपालिकाको विभिन्न मितिका बैंठकहरुबाट भएका निर्णयहरु अनुमोदन गर्न नगरसभाको २० औ अधिवेशनमा पेश गर्ने ।

निर्णय प्रमाणित गरिएको